# ६ दशक पार गरेका वृद्ध ७ जनाका हलिया

शरीर बूढो छ । कपाल फुलेका छन् । खानपिनको अभावमा अनुहार र सिंगै शरीर ख्याउटे छ । तर पनि यी ६० वर्षे वृद्ध नन्द वि.क. नजोती बाँच्नै सक्दैनन् । किनकि जोत्यो भनेमात्र उनको मुखमा माड लाग्छ, नत्र भोकै ।

यिनको व्यथा अरु तन्नेरीको भन्दा पनि अझ डरलाग्दो छ । किनकि यिनी एक हैन, दुई हैन, तीन पनि हैन, ७ जनाको जमिन जोत्न बाध्य छन् । कहिलेकाहीँ त एकै दिनमा तीन जनाको जमिनसमेत जोतिदिन यी वृद्ध बाध्य हुन्छन् । उमेरले डाँडो काटिसकेको यो उमेरमा पनि १८ घण्टा हलो नजोती उनलाई सुःखै छैन ।

नन्दलाई यो उमेरमा न काम गर्ने रहर हुन सक्छ, न उनी कामै गर्न सक्छन् । तर पनि उनी काम गर्न बाध्य छन् । कारण- उनले छोराको विवाह गर्नु थियो तर आफूसँग एक पैसा थिएन । त्यसैले उनले खगेन्द्र जोशीसँग १२ हजार ऋण लिए । त्यही ऋण लिएवापत उनी हलिया बने ।

ऋण लिएको पैसा बिहेमै सकियो । व्याजवापत सित्तैंमा गरिदिनुपर्ने भएकाले काम गरेको पैसा आउँदैनथ्यो । त्यसैले उनीसँग अरु आवश्यकता पूरा गर्न पैसा हुने कुरै भएन ।  यत्तिकैमा उनलाई बस्ने घरले पिरोल्यो । र, परी शर्मासँग १२ हजार ऋण लिए । त्यो ऋणको ब्याजवापत पनि हलिया बस्नै पर्‍यो । यसैगरी अर्का छोराको विवाह गर्न मोती महराबाट १२ हजार ऋण निकाले । त्यसवापत पनि हलिया बन्नैपर्‍यो । गोरे मल्लसँग लिएको ९ हजार, रामप्रसाद जोशीसँग लिएको ४ हजार र सिद्धराज जोशीसँग लिएको ३ हजारवापत पनि उनी हलिया बने । जतिबेला जे कामका लागि पैसा चाहिए पनि निकाल्नु र त्यसवापत हलिया बन्छु भन्नुको विकल्प उनीसँग थिएन ।





एउटा छोरा छुट्टै ऋण निकालेवापत अर्केको हलिया बनेका छन् । नन्द विकसँग यतिखेर केही छ भने चिन्ता र निराशा मात्र छ । ऋण तिरौं, कतैबाट केही कमाइ छैन, नतिरौं छाड्न दिँदैनन् । गरौं, गर्न सक्ने उमेर गइसक्यो - अहिले आफूलाई भेट्न आउने सबैसँग उनले गर्ने गुनासो यही हुने गर्छ ।

जमिनको नाममा केही नभएका नन्द परिवार पाल्नै धौधौ पर्ने अवस्थामा छन् । यही कारण उनले आफ्ना छोराछोरी पढाउने कल्पनासमेत गर्न सकेका छैनन् ।

कुरै सुन्दा पनि जीउ नै सिरिङ्ग हुने यी वृद्ध डोटीको मुडभारा गाउँमा बस्छन् । दलित, त्यसमाथि पनि आय श्रोत र राज्यको साधन श्रोतमा पहुँच नहुँदा कति कहालीलाग्दो र कठिन जीवन बाँच्न बाध्य छन् भन्ने प्रमाणित गर्छ नन्द विक बाँचिरहेको अवस्थाले । क्षेत्रीय सदरमुकाम दीपायलदेखि ४ घण्टाको पैदल यात्रा पश्चिमतर्फ पर्ने मुडभारा गा.वि.स- १ का प्रायः दलितको अवस्था योभन्दा भिन्न छैन ।

यहींको सार्की टोल यस्तै अनगिन्ति पीडा, व्यथा र कथा भएका हलियाहरुको बस्ती हो । जहाँ ३०-३५ परिवार दिनरात काम गर्दा पनि अभावै अभावका बीच बाँच्न बाध्य छन् । यो बस्तीको नाकैमुनि ब्राह्मण परिवार बस्छन् । उनीहरुमध्ये अधिकांशका घर तराई (धनगढी) मा पनि छ । यिनै ब्राह्मण, जो आफू हलो जोत्दैनन्, तिनैको हलिया बनेर बस्नु यी दलितको बाध्यता हो । र, नन्द तिनै विवश मान्छेभित्र पर्ने एक हुन ।

# शौचालय बनाउने जमिनसमेत छैन

गोपाल सार्की डोटीको मुडभरा गाविसअन्तर्गत पर्ने जोरागाउँका बासिन्दा हुन । ६२ घर दलित र ५२ घर गैरदलित बस्ने यो गाउँ नै उनको पुर्ख्यौली थलो पनि हो । तर गैरदलित थोरै भए पनि यहाँका दलितलाई हली राखेर विना ज्याला काम गराउनु भने उनीहरुको दिनचर्या नै हो ।

गोपालका बाबु उनले बुझ्ने हैसियतसमेत नराख्दा-नराख्दै मरे । त्यसपछि लालाबाला स्याहार्न छाडेर आमा पोइल गइन् । यो अवस्थाले गोपालको जीवनमा ठूलो दुःखद् स्थिति निम्त्यायो । बल्लतल्ल हुर्केर काम गर्न सक्ने भएपछि उनले खानकै लागि स्थानीय 'मालिक' सँग ३ हजार रुपैयाँ ऋण लिए ।

यही ऋण थियो, जसले गोपाललाई तिनै ऋणदाताको हली बनाइरहन सक्यो । यो तिर्ने कुनै आधार नभएकाले हली बस्नुको विकल्प पनि थिएन । त्यसैले गोपाल हली बसे र सधैं हलीकै रुपमा रहे ।

३ छोराछोरी र बूढाबूढी गरी ५ जनाको यो परिवारसँग एक टुक्रा पनि जमिन छैन । भर्खरै मात्र केयर नेपालले यिनको गाउँमा शौचालय बनाइदिने अभियान थालेको छ। तर त्यसबाट पनि गोपालको परिवार वञ्चित हुँदैछ । कारण- उनीसँग आफ्नो झुप्रोबाहेक शौचालय बनाउने जमिनसमेत छैन ।

यस्तो अवस्थामा हली नबसेर के गर्नु त ? किन हली बसेको भनेर सोध्नेहरुलाई यही उत्तर दिन्छन् अचेल गोपाल । हुन त उनलाई पनि यो शोषणयुक्त प्रथा हो, यसबाट अन्यायमा परिएको छ भन्ने थाहा छ तर थाहा हुँदाहुँदै पनि विकल्पको अभावमा उनी हली नै बनिरहे ।





हली बसेर मात्र खान नपुगेपछि अहिले उनी डकर्मी काम पनि गर्न थालेका छन् । त्यसले दुःखजिलो गरेर खान पुगे पनि यथेष्ठ भने छैन । उनी भन्छन्- हलीलाई यो शोषणबाट मुक्त हुनुपर्छ भनेर मात्र पुग्दैन, गरिखाने व्यवस्था पनि गरिदिनुपर्छ ।

# आफ्नै परिवार पनि घाँडो !

वर्षभर काम गर्दा पनि खान धौ धौ छ । नाममा एक टुक्रा जग्गा छैन । बस्ने घर पनि साहूको जग्गामा छ । हुन त उनले दुःख पाउन थालेको भर्खरै मात्र हैन, पाँच वर्षकै उमेरमा टुहुरो भए । आमा-बाबुले छाडेर गएपछि भीमबहादुरले आफ्नो बाल्यकाल काकाको घरमा बसेर काटे, त्यो पनि गोठालोका रुपमा । डोटी जिल्ला सदरमुकाम सिलगढीदेखि चार घण्टाको पैदल दूरीमा पर्ने डौड गा.वि.स.वार्ड न. २ मा जन्मेका भीमबहादुर नागरी करिव १६ वर्ष काकाको गोठालो बस्दा कति दिन भोकै बस्नुपरेको पीडा सुनाउँछन् । कतिपयले उनलाई गोठालो भनी सम्वोधन गर्दा सहनुपर्ने पीडाको त कुनै नाँपजाँचै छैन उनीसँग ।

आमा-बाबु नभएकैले जतिसुकै अपमानित भए पनि काकाको घर छोडी कतै जाने उपाय थिएन । त्यसैले गाई गोरु चराउनेलगायत्का जुनसुकै काम गर्नुपर्ने बाध्यता उनलाई थियो । बिहान उठ्नेबित्तिकै साहूको दाउरा काट्न जानु, गोरु जोत्नु, दिनको १२ बजेतिर घर आई खाना पनि खाई नखाई गरी गाई, गोरु चराउन जंगल लिएर जानु, साँझ घर लिएर आउनु, घाँसपात हाल्नु जस्ता उनका दिनचर्या थिए । गाई वस्तु चराउने क्रममा साँझ जंगलबाट फर्कंदा घाँस पात काटेर नल्याए काकाले दाउरैदाउराले कुट्ने गरेको अनुभव उनीसँग ताजै छन् ।

यत्तिकैमा काकाले भीमबहादुरको बिहे गरिदिने सुर कसे । तर पैसा काकासँग पनि थिएन । पैसा जुटाउनुपर्ने दायित्व भीमकै काँधमा आयो । गाउँ समाजका लागि भए पनि ऋण कर्जा गरेर विवाह गर्नुपर्ने बाध्यता उनीमाझ थियो ।





उनलाई कसैले सापटी दिन मानेनन् तर वर्षभरि हलो जोत्ने शर्तमा भने पैसा पाइने भयो । बल्ल एउटा साहूले ६० रोपनी जमिन जोतिदिने शर्तमा पैसा दियो । त्यसपछि भीम तिनै साहूको हली बन्न पुगे ।

भीमले सोचेका थिए- बिहे गरेपछि सुख पाइन्छ । तर उनको सोच उल्टो हुन पुग्यो । विवाहको २ वर्ष पुग्न नपाउँदै काकाले उनको घरबाट अलग गरिदिए ।

गाउँ छाडौं साहू टीका सिंहले दिएको १५ हजार रुपैयावापतको हली बस्नुपर्ने शर्त, नछाडौं खानै पुग्ने भएन । उनका अगाडि ठूलो समस्या आइपऱ्यो । उनी मजदूरी गर्न भारत जान चाहन्थे तर यही ऋणले उनलाई पासो लगाएको थियो ।

उनी यही १५ हजार ऋण लिएवापत हली बसेका छन् तर आफूलाई हली भन्न डर मान्छन् । किनकि उनी आफ्नो साहूलाई भगवान बराबर मान्छन् । यसको कारण हो- साहूले भीमलाई बस्नका लागि १ रोपनी जग्गा दिएका छन् । त्यही जग्गामा भीमका लोग्ने-स्वास्नी र २ छोरा बस्न पाएका छन् । यसैले उनीहरु आफूमाथि ठगी वा शोषण भएको ठान्दैनन्, उल्टै साहूले गुन नलगाइदिएको भए उठिबास हुने धारणा राख्छन् ।

दिनभर काम गरेपछि साहूले दिने २ माना चामल नै उनीहरुको आयस्रोत हो । कुनै दिन काम गर्न गएन भने तत्काल पैसा फिर्ता गर भनेर साहूले धम्क्याउने गरेका अनुभव उनीसँग थुप्रै छन् । 'आफू त जोतिएकै थिएँ', उनी खिन्न हुँदै भन्छन्-श्रीमतीलाई पनि बालबच्चा घरभित्र थुनेर काममा लैजानुपरेको छ ।

उनको अहिले एउटै कामना छ- ऋण मुक्त गरेर खाने बस्ने जमिन उपलब्ध गराइदिए कम्तीमा पनि छोराहरुले हली बस्नुपर्ने थिएन ।

# कसैले नपत्याउँदा बिहे नै हुन सकेन

गाउँघरमा प्राय: बिहे हुने समय ढिलोमा पनि १७-१८ वर्षको उमेर हो। यतिबेला बिहे नभए समाजले शंका गर्न थाल्छ। तर समाजले जतिसुकै शंका गरे पनि कसैले छोरी नदिएपछि बिहे गर्ने कोसँग ?

अहिले यही प्रश्नको उत्तर खोज्दैछन् डोटीस्थित पचनाली गा.वि.स ६ का हरी भुल। उमेरले २३ वर्ष काटिसके पनि उनी अविवाहित नै छन्। त्यसो त उनले बिहे गर्न नखोजेका भने हैनन्। ५-६ वर्षदेखि केटीको खोजीमा गाउँ गाउँ डुले पनि हात लाग्यो शून्य भएको छ उनका लागि। उनलाई कसैले छोरी दिन नमान्नुको कारण भने उनी हली भएकाले नै हो।

सम्पत्तिका नाममा ऋण खोजेर ल्याएको एक हल बूढा गोरुबाहेक उनीसँग केही छैन। टाउको लुकाउने सानो झुप्रो रहेको जग्गा पनि उनको हैन। त्यसैले उनलाई छोरी दिन चाहनेले पाल्ने हैसियत नदेखेकाले नै नपत्याएका हुन।

बाबु-आमा, दाजु-भाउजू, भतिजा-भतिजी गरी जम्मा ७ सदस्यीय परिवार बस्न एक कोठे झुप्रो मात्र छ उनीहरुसँग। पानी परेको बेला सधैं बिउँझै रहनु उनीहरुको बाध्यता बनेको छ। 'बाबु एक कुनामा, आमा एक कुनामा, भाउजू एक कुनामा र दाजु एक कुनामा, आफू र भतिजा-भतिजी कोठाको बीचमा अटाई नअटाई सुत्नुपर्ने सुन्दै अपत्यारिलो वास्तविकता ओकल्न पनि उनी बाध्य छन्। यसरी सुत्दा एउटाको खुट्टा अर्काको टाउकोमा ठोक्किनु सामान्य भएको उनी बताउँछन्। त्यसैले उनी बिहे हुन नसकेकोमा त्यतिविध्न निराश छैनन्। कारण- बिहे भैहाले पनि रात काट्ने ठाउँको अभाव छ।

दाजुले भारतबाट मजदूरी गरेर ल्याएको केही पैसा पनि आफ्ना लागि केटी खोज्न दौडदैमा सक्किएको उनी बताउँछन्। वृद्ध बाबुले दुई वर्ष





यसकै लागि बिताए, त्यसबाट पनि केही लछारपाटो लागेन। भएन आफैं लाग्छु भनेर उनी केटी खोज्न हिँडेको पनि निकै वर्ष भयो, तर पनि केही संकेतको छाँटकाँट छैन।

'आफूसरहका अरुको छोराछोरी भइसके', भुल भन्छन्- बिहे नभएकै कारण गाउँलेहरु टाढैबाट राणा बूढा भनेर खिल्ली उडाउन थालेका छन्। कहिलेकाहीँ त आत्महत्या गरौं जस्तो भावनासमेत आउन थालेको दुखेसो उनी पोख्छन्।

# गोरूसँग जोतिँदैछन् वृद्ध

चाउरी परेको अनुहार, सेतै फुलेको कपाल, अनि कुप्रो कम्मर, उमेरले अवकास पाउने बेला भैसकेका पचनाली गा.वि.स. ५ पचनाली गाउँका भगी लुहार सकिनसकी तीन जना साहूको हलिया बसेका छन्। त्यो उनको रहर हैन, साहूसँग लिएको ऋण तिर्न नसकेपछि हलो जोत्नुपरेको बाध्यता हो। सधैं कष्टकर जीवनका बीच ६० औं वसन्त पार गरिसकेका भगीको आफ्नो पनि केही जमिन छ तर त्यसबाट मुस्किलले १ महिना पनि खान पुग्दैन। आफू जान्ने भएदेखि नै अर्काको हलो जोत्ने, मजदूरी र चाकरी गर्दै पारिवारिक जोहो गर्दै आएकोबाहेक अरु कामको अनुभव छैन उनीसँग।

एक महिना खान पुग्ने जमिन भए पनि उनी ब्यस्त भने सधैं छन्। नहुन पनि कसरी, तीन तीन जनाको हलो जोतिदिनु परेपछि। हलोमा ब्यस्त भएपछि उनको पनि भलो हुनुपर्ने हो तर भलो त कता हो कता, झन् कुभलो हुने क्रम बढ्दो छ। सानो झुप्रोलाई घर भनेर सन्तोष मान्न बाध्य छन् उनी। हलो जोत्नुबाहेक दाउरा काट्ने, भारी बोक्ने जस्ता काममै उनको पूरै वर्ष बित्ने गर्छ। बाँकी समय उनी खेतीपातीका लागि प्रयोग हुने औजार बनाएर गुजारालाई सहज तुल्याउने प्रयत्न गर्छन्।

८ वर्षपहिले छोराको बिहे गर्दा साहूसँग उनले ३० हजार ऋण लिएका थिए। त्यो बेलादेखि आफूमाथि थप काम थोपरिएको उनी बताउँछन्। ऋण तिर्नैका लागि विवाहपछि छोरालाई भारत पठाएको तर छोराले पठाएको सानोतिनो रकम घरमा आइपुग्न नपाउँदै सिध्धिने उनको अनुभव छ।

ढल्कँदो उमेरसँगै धेरै काम गर्नुपरेकाले धेरैजसो उनी बिरामी पनि भइरहन्छन्। अहिले उनलाई आफ्नो जीवन यति कष्टकर सम्झेर छोराको भविष्यप्रति बढी नै चिन्ता लाग्न थालेको छ। औंठाछाप भगी





लुहार हली बस्नुपरेकै कारण छोराको पढाई र अन्य पक्षमा हेरचाह गर्न नसकेकोमा आत्मग्लानी महसुस गर्छन्।

नाति-नातिना खेलाउने उमेरमा अर्काको जमिनमा गोरुसँगै जोतिन बाध्य लुहार आफ्नै केही जमिन भए यो अवस्थाबाट मुक्ति पाउन सकिनेमा आशावादी छन्। तर उनलाई पनि थाहा भने छैन कि यो आशा कसले पूर्ण गरिदिने हो ?

# बस्तीसँगै साटियो मालिक पनि

लक्षी सार्कीलाई बसाई सर्नुपऱ्यो। हलिया भएकाले बसाई सर्न सजिलो थिएन। उनीसँग धेरै धन सम्पत्ति वा जग्गा जमिन भएकाले बसाइ सर्न गाह्रो परेको हैन। बसाइ सर्नुअघि उनले जसको हली बनेर जमिन जोत्दै आएका थिए, उसलाई पनि छाड्नुपर्थ्यो। र, यसका लागि २३ वर्षअघि घर खर्च चलाउन निकालेको ऋण चुक्ता गर्नुपर्थ्यो। जुन ऋण तिर्नका लागि उनीसँग पैसा थिएन। त्यसैले गाउँ सराईसँगै ४५ वर्षीय लक्षी सार्कीले मालिक पनि साटे। अर्थात् नयाँ मालिकसँग लिएर पुरानोलाई ऋण चुक्ता गरे। बल्ल उनले बसाई सर्न पुरानो साहूबाट मन्जुरी पाए।

डोटीको मुडभारा गा.वि.स., वडा नं. १ सार्की टोल बस्ने लक्षीले दीर्घबहादुर भुर्त्यालसँग २३ वर्षअघि ११ हजार रुपैयाँ ऋण निकालेका थिए। ब्याजवापत उसको पुरै खेतीपातीका लागि हलो जोते। अन्य आयस्रोत नभएकाले त्यो ऋण तिर्ने कुनै सम्भावना थिएन, त्यसैले घट्ने कुरै थिएन।

उनका नयाँ साहूको नाम केशवराज शर्मा हो, जसले भुर्त्यालको ११ हजार तिरिदिए र लक्षीलाई आफ्नो हली बनाए। 'बसाइ सरें, तर कर्म सरेन'- हलीलाई जहाँ गए पनि दुःखका दुःखै मात्र आइलाग्ने बताउँछन् लक्षी। बसाइ सर्दा पनि आफूखुशी जान नपाउने र मालिक बक्साएर मात्र हिँड्नुपर्ने बाध्यताले उनलाई आफू मानव पनि हो कि होइन भन्नेमा शंका लाग्छ रे।

ऋण तिर्छु, बरु ब्याज पनि दिन्छु भन्दा ऋण दिन नमान्ने तर हली बस्नका लागिचाहिँ ऋण कोच्याउन आउने मालिकहरुको व्यवहारप्रति लक्षी खिन्न छन्। उनी भन्छन्- यिनीहरु शोषण गर्न पल्केका हुन, नत्र ब्याजसमेत तिर्छु भन्दा ऋण पत्याइहाल्थे नि। आफ्नो बाध्यतालाई साहूहरुले शोषणको आधार बनाएको निष्कर्ष उनको छ।





# नामै हरुवा टोल

सप्तरीको सदरमुकाम राजविराजदेखि करिब ४ किलोमिटर दक्षिणतिर जमुनी मधेपुरा-७ मा एउटा बस्ती छ- रामटोल। यहाँका ३५ परिवार पुस्तौंदेखि हरुवा, चरुवा बस्दै आएका छन्। त्यसैले यो बस्तीलाई सबै जना हरुवा टोल भन्छन्।

३५ घर नै गाउँब्लकमा रहेका यो बस्तीमा कसैको पनि आफ्नो जग्गा छैन। २०, १० र ५ विगाहा जग्गामा हरुवा गरेर क्रमशः १०, ८ र ६ कठ्ठा कमाई गरी खान पाउने चलन वर्षौंदेखि चल्दैआएको छ। लिखित कारोबार नहुने भएकाले साहूलाई मन परेन वा म राम्रो गर्छु भनेर अरु कोही आयो भने साहूले उनीहरुलाई निकालिदिन सक्छ। यही कारण राम समुदायका यी मानिस थोरैभन्दा थोरैमा आफ्नो श्रम बेच्न बाध्य छन्। राम समुदायबीच नै मिलोमतो नहुनुले शोषणमा पर्न बाध्य भएको यही बस्तीका जामुन राम गुनासो गर्छन्।

५५ वर्ष पुगेका जामुन राम पनि राजविराजका सुकदेव मण्डलकहाँ हरुवा बसेका छन्। त्यसो त उनीसँग धेरै जनाकहाँ हरुवा बसिसकेको अनुभव छ। धेरैको व्यवहारसँग परिचित पनि छन् उनी। अहिलेको चाहिँ गाली नगर्ने, कडा स्वभाव नभएको र राम्रो व्यवहारको साहू भएको बताउँछन् उनी। १५ वर्षदेखि हरुवा गरी जीविका चलाउँदै आएका जामुन ८, ९ वर्षको हुँदै चरुवा बसेको बताउँछन्। उनको परिवार तीन पुस्तादेखि यही काममा छ।

हाल ५ विगाहा जग्गा जोतिदिएवापत ६ कठ्ठा कमाई गरी खाने मौखिक शर्तमा हरुवा बसेका छन् उनी। १५ जनाको परिवार भए पनि जामुन अहिले एक्लै छन्। उनी भन्छन्- सन्तान वृद्धि भए पनि जग्गा नबढ्दो रहेछ, त्यसैले छोराहरु छुट्टिएर गए, श्रीमतीको मृत्यु भयो र एक्लै भएँ।

मुख्यगरी धान रोप्ने समयमा हरुवा बसेको स्थानमा नै बस्ने र सकेपछि गाउँ फर्कन्छन् उनी । र, उनी जस्तै अरु हरुवा पनि ।

हरुवा बसेवापत खेती किसानी मात्र नभई घरका सम्पूर्ण कामसमेत गर्नुपर्ने हुन्छ । चाडपर्वमा सघाउने, सागपात उमार्ने, घर सफासुग्घर राख्ने, टाँटी बाँध्ने जस्ता काम छुट्टै गर्नुपर्छ । यसवापत हरुवाले एक छाक खान पाउँछन् भने अन्य सदस्यले अरु समयमा सित्तैमा काम गर्नुपर्ने हुन्छ । बीचैमा निकाल्ने डरले साहूले जे भन्छ त्यही गर्नुपर्ने हुन्छ । बिरामी समयमा साहूले औषधी गरिदिए पनि ज्यालाबाट तिर्नुपर्ने बताउँछन् जामुन । शरीरको शक्तिले जतिसम्म सक्छ, त्यति हरुवा गर्ने र त्यसपछि दैनिक ज्यालाबाट जीविका चलाउने गर्छन् यहाँका रामहरु । भूमिसम्बन्धी नीति नियमबारे केही जानकारी नभएका रामहरु बाटो देखाउने कोही भए साथ दिने बताउँछन् ।





# कष्टकर छ हरुवाको जीवन

सप्तरीको पातो-८ बस्ने लालदेव सदा सानै उमेरमा चरुवा बसे । आफू सानै छँदा बाबु मरेका लालदेव भूमिहीन हुन । बुबा मरेपछि उनले जीविका चलाउन गाउँमै चरुवाई गर्न थालेका हुन् । साहूको घरमा ४ गोरु, ७ गाई, १ भैंसी थिए । यति वस्तु धान्न उनलाई एकदम अप्ठेरो हुन थाल्यो । १० वर्षका बालकले यत्रा वस्तु पाल्न सकून पनि कसरी । सबै काम गरेबापत उनले २५ के.जी. धान मात्र पाउने गर्दथे । लालदेव पहिलो साहूकहाँ ३ वर्ष बसे ।

बाबुको मृत्युपछि उनलाई चरुवाको काममा लगाई र आमा पनि त्यही साहूको घरमा सबै काम गरिदिन थालिन् । उनी भाँडा माझ्ने, चामल केलाउने, गोबर उठाउने जस्ता सबै काम गर्थिन । यसवापत उनले कनिका मात्र पाउँथिन । अन्य हिसाव केही हुँदैनथ्यो । साहूहरु आफू थालमा खान्थे र हरुवा-चरुवालाई केराको पातमा खान दिन्थे । हरुवाका लागि छुट्टै थाल, गिलास राखिएको हुन्थ्यो ।

३ वर्षपछि लालदेवले साहू फेरे । बाबुको मृत्युपछि ६ जनाको परिवार पाल्न धौ धौ परेकाले लालदेव समस्यामा थिए । पछिल्लो साहूकहाँ पनि उस्तै काम भएकाले उनीहरुको जीवनमा कुनै परिवर्तन आउन सकेन । साहूले उनलाई खानाबाहेक वर्षको ३० के.जी धान दिन्थ्यो । उनको परिवारलाई यो धानले एक महिना पनि पुग्दैनथ्यो । ज्यालाको विषयमा साहूसँग बराबर झगडा भइरहन्थ्यो । धान माग्न जाँदा अहिले वर्ष पुगेको छैन भनी साहूले जहिले पनि किचकिच गर्ने गरेकाले उसले यो घर पनि छाड्यो ।

लालदेव सदा फेरि चराउने काम गर्दैछन् । उनका २ छोरा, ३ बुहारी र नाति-नातिनीसहित १२ जनाको परिवार छ । उनी ३० वर्षदेखि हरुवा-चरुवाका रुपमा काम गरिआएका छन् । उनका बाबु बाजे पनि हरुवा चरुवा नै थिए ।

# बिहे गर्न २ सय पनि ऋण नै लिनुपर्‍यो

सिरहा बस्तीपुरका सिताई राम २० वर्षदेखि हरुवा चरुवाका रुपमा काम गर्दै आएका छन् । उनले यो काम १० वर्षको उमेरदेखि शूरु गरेका हुन । दसै वर्षको उमेरमा उनी आफ्नै वार्डमा दुर्गा गिरीको घरमा गाई चराउन बसे । त्यहाँ एक वर्ष बिताए । उनलाई कामको बोझ बढी थियो । खाना खाने समय भइसक्दा पनि काम गराउँथे । परिवारको कपडा पनि धुनु पर्दथ्यो । उनले पाउने तलबस्वरुप दिइने धान माग्दा वर्ष पुगेपछि मात्र दिन्छु भन्थे । तर वर्ष बित्दा पनि उनले धान पाएनन् । त्यसपछि उनले १ सय ६० किलो धान तलबवापत लिएर त्यहाँबाट हटे ।

त्यहाँबाट हटे पनि अन्यत्र जाने ठाउँ थिएन । फेरि उनी गोविन्दपुरका वीरे झाको घरमा गाई चराउन बसे । काम धेरै लगाउने र ज्याला दिन किचकिच गर्ने क्रम बढ्यो । घाँस काट्नेदेखि कपडा धुने र वस्तु चराउनेसम्मको काम उनको जिम्मामा थियो । खान लागेको खाना बेला छोइदिएको आरोपमा उनले साहूबाट पिटाइ पनि भेटे । यस्तै विविध कारणले उनी यो घरमा पनि टिक्न सकेनन् ।

आखिर जहाँबाट छाडे पनि काम त गर्नै पर्थ्यो । उनी बस्तीपुरको विन्दी यादवकहाँ भैसी चराउन बसे । १५ वर्षे यिनलाई यहाँ पनि अन्यत्र जस्तै सकभर बढी काम लगाइयो । कुनै बेला फुर्सद हुँदैनथ्यो । यसैबीच उनको बिहेको कुरा चल्यो । बिहेका लागि अन्न र पैसा चाहिन्थ्यो । साहूले सहयोग गरेनन् । उनले पडरिया पिडरबनीका वृहस्पतिया चौधरीसँग ऋण मागे । ऋणवापतको ६० किलो धान र २ सय रुपैयाँले बिहे भयो । बिहेपछि पुनः उनी तिनै ऋणदाता चौधरीकहाँ चरुवा बसे । उनी यस घरमा पनि एक वर्षभन्दा बढी बस्न सकेनन् ।

ज्याला बढाउन उनले साहूसँग अनुरोध गरे । तर गाली पाए र घरै छाड्नुपर्‍यो । लगत्तै उनी गोविन्दपुर गाविसका बलिराम पौडेलको घरमा





हरुवा बने । त्यसबापत उनले ३ कट्ठा खेत जोतेर खान पाउँथे । ५ वर्षपछि फेरि त्यही गाविसको राजु खड्काको घरमा हरुवा बसे । त्यहाँ ८ वर्ष हलो जोते । उनी अहिले २ वर्षदेखि बस्तीपुर गाविसका जसीलाल यादवकहाँ हरुवा बसेका छन् । मजदूरी गर्न भारत गएको एउटा छोरोले केही कमाएर ल्याए हो, नत्र हरुवाबाट मुक्ति पाउने उपाय उनीसँग तत्काललाई छैन ।

# बुढेसकालमा पनि अर्काकै घरको भर

भोलादेवी सदा सिरहाको हनुमाननगर-६ मा बस्छिन्। उनी १२ वर्षको हुँदा दिदीको घरमा आएकी थिइन्। त्यसै बेलादेखि साहूकहाँ काम गर्दै आएकी छिन्। १४ वर्षको उमेरमा उनको विवाह सरजुग सदासँग भयो। त्यसबेलादेखि नै यो जोडीले रामचन्द्र चौधरीको घरमा लामो समय काम गरे। अहिले उनीहरुका नाति-नातिना पनि भइसकेका छन्। श्रीमान् ३ वर्षअघि नै मरिसके। तर पनि भोलादेवीको साहूकहाँ काम गर्नुपर्ने बाध्यता भने हटेको छैन। उनी अहिले पनि ६० वर्षको उमेरमा कपडा धुने, चामल निफन्ने, माछा मारेर साहूकहाँ पुऱ्याउने जस्ता काम गर्न बाध्य छिन्। यो काम गरेवापत साहूले प्रतिदिन दिन दिने एक किलो चामल नै उनको कमाइ हो। बासी भात र पुराना कपडाले जिन्दगी धानिएको उनी बताउँछिन्।

उनको एउटा छोरा उनै रामचन्द्रकै घरमा बसेका छन्। उनी पनि ९ वर्षदेखि नै चरुवा बस्दै आएका छन्। उनले एक वर्षको २ मन (४० केजी) धान पाउँछन्।

यो वर्ष गरिबी निवारण कोषबाट ऋण लिएर उनले बाखा पाल्ने आँट गरिन्। तर किनिएका सबै बाखा मरे। अहिलेसम्म कोही पनि उक्त ऋण माग्न आएका छैनन्। तर आए भने के दिने भन्ने पिरलोले उनलाई यतिखेर सताएको छ। बुढेसकालमा समेत ऋण र अरुकहाँ बसेर छाक टार्नुपर्ने चिन्ता त छँदैछ।

•ॐ•





# ऋणले डुबायो

रामवृक्ष यादव धनुषा जिल्लाको भरतपुर-२ मा बस्छन्। उनले बिहेमा धूमधाम भोज गरे। यत्रो भोज गर्न उनीसँग औकात थिएन। तर ४० हजार ऋण लिएर भोज गरिछाडे। आफूभन्दा सानो जातको केटीसँग बिहे गरेकाले यस्तो तामझाम गर्नुपरेको थियो। धेरै खर्च गरेर धेरैलाई खुवाए सानो जातको बिहे गरे पनि पानी चल्छ भन्ने भ्रमले उनले ऋण काटेर ठूलो भोज गरेका थिए।

तर न उनको भोज धेरैले खाए, न उनलाई छोइछिटो गर्न नै बाँकी राखे। उल्टै ऋणका कारण उनको आर्थिक अवस्था झन् झन् ओरालो लाग्दै गयो। अहिले तीन छोरा छोरी र श्रीमती सबैलाई हरुवा बसेर पाल्नुपरेको छ। उनी सुकुम्बासी हुन्। श्रीमती जंगलबाट दाउरा, बाँस ल्याएर बेच्छिन। यो ऋण र यसले बढाएको ब्याज कहिले तिरिसक्ने हो भन्ने उनलाई कुनै पत्तो छैन। बालबच्चाको भविष्य सम्झेर अहिले उनी बेलाबेला चिन्तित हुने गर्छन्। तर बेलामा बुद्धि नपुऱ्याउनाले यस्तो अवस्था आइपरेको ज्ञान भने उनलाई राम्रैसँग प्राप्त भएको छ।

•ॐ•

# परिवारै हरुवा चरुवा

सप्तरी जिल्ला पातो-९ स्थित भुतही टोलकी सुजानदेवीका श्रीमानको मृत्यु भएको १० वर्ष बित्यो। त्यसपछिका दिनमा ७ जनाको उनको परिवारले धेरै दुख भोग्नुपर्‍यो। १ कठ्ठा खेत र ७ धुर बारी नै यिनीहरुको जीविका धान्ने आधार बन्न नसकेपछि उनले आफ्ना साना छोराछोरीलाई हरुवा, चरुवामा लगाउन बाध्य हुनुपरेको छ। आफू पनि बनिबुतो, हरुवा चरुवा गर्दै जीविका चलाउन बाध्य छिन। ४० वर्षीय यी महिलाले काम गरेबापत सिजनअनुसार ५ केजी धान, ४ केजी गहुँ र ४० रुपैयाँ पाउँछिन्। काम नपाएका बेला भोकै बस्नुपरेका थुप्रै दिन उनी खररर बताउन सक्छिन्।

श्रीमान्का बाबु बाजे पनि हरुवा चरुवा गर्ने भएकाले उनीहरुको जमिन थिएन। त्यसैले उनलाई छोराछोरी हुर्काउन कठिन भयो। उनका १२ वर्षीय छोरा सिकेन राम ४ वर्षको उमेरदेखि जमिनदार बालकिसुन पण्डितको घरमा चरुवा गर्दै आएका छन्। अर्का छोरा भारत गएको ७ वर्ष भइसक्यो तर केही खबर छैन। एउटा छोरा ४ कक्षामा पढ्दैछ भने अरु हरुवा चरुवा नै गर्छन्।

सिकेन चरुवा बसेबापत वर्षमा ८ मन धान पाउँछन् भने जमिनदारकहाँ नै काम गर्ने, खाने र बस्ने गर्छन्। सुजानले जमिनदारबाट ५ प्रतिशत व्याजदरमा दुई हजार ऋण लिएको २ वर्ष भइसकेको छ। त्यसलाई तिर्न भने सकेकी छैनन्। दैनिक ज्याला मजदुरी गरेर जीविका चलाउने सुजानले जमिनदारहरुसँग ज्याला कम भयो भन्दै वृद्धि गर्न माग गरेकी पनि थिइन। तर उनीहरुले बढाउन मानेनन्। उल्टै गाउँका बुद्धिजीवी भनाउदाले २ पटकसम्म मिलापत्र गराएर ज्याला बढ्न दिएनन्।





# फजुल खर्चले सुकुम्बासी

गाउँले डाक्टर अमरलालसँग सात विघा जमिन थियो। गाउँमा धामी झाँक्री गर्ने उनले आम्दानी पनि राम्रै गर्थे। गुजारा पनि राम्रैसँग चलेको थियो। यही कारण उनी गाउँको डाक्टरका रुपमा इज्जत पनि कमाउन सफल भएका थिए।

तर जब छोराछोरीको बिहे गर्ने बेला आयो, अमरलाललाई घमण्ड चल्यो। उनले फजुल खर्च गर्ने विचार गरे। चार छोरीको विवाह धेरै पैसा खर्च गरेर गरे। त्यसका लागि भएको जमिन धमाधम बेचे। बचेको केही जमिन आमा बाबुको काज क्रियामा खर्च गर्नका लागि बेचे। अहिले उनी ऐलानी जग्गामा एउटा छाप्रो हाली बसेका छन्।

मलेकपुर गाविस-९ मा बसोबास गर्दै आएका अमरलाल आफूसँग भएको जग्गा गुमाएपछि सुकुम्बासी मात्र भएनन्, खानकै लागि नजिकका धामीदास चौधरीको घरमा हरुवाई गर्न बाध्य भएका छन्। त्यसवापत कमाइखान पाएको पाँच कठ्ठा जमिनबाट आउने वार्षिक १० मन धानले सात जनाको परिवारलाई तीन महिना पनि थेग्दैन। त्यसैले त्यत्रो जमिन भएका व्यक्ति अहिले बाँच्नकै लागि संघर्ष गर्दैछन्।

यी विभिन्न कार्यका लागि उनले जमिन राख्दै ऋण लिँदै गरेका थिए। त्यस क्रममा बढ्दो ब्याज र घट्दो आम्दानीका कारण उनले तिर्न सक्ने अवस्था रहेन। त्यसपछि जमिन लिएर ऋण दिनेहरुले नै जमिन खाइदिए। यस्तो प्रवृत्तिविरुद्ध उनी माओवादीदेखि जिल्ला प्रशासनसम्म धाए। तर सबैले बुद्धि नपुर्‍याएको र फजुल खर्च गरेको भन्दै उनलाई नै हप्काए। अहिले अमरलालसँग पछुतोबाहेक केही बाँकी छैन।

# कहिले पूरा हुने सपना ?

बस्तीपुर-८ का लट्टाराम १३ वर्षसम्म गाउँकै जग्गावालकहाँ चरुवा बसे। १३ वर्षको उमेरमा विवाह भयो। विवाह भएको ७ दिनपछि उनी हरुवा बस्नु पर्‍यो। विवाहका लागि वेचना यादवसँग लिएको ऋणबापत उनी हरुवा नबसी सुखै पाएनन्। हलो जोत्नु, भैंसी चराउनु, गोरुलाई परालको भुसा बनाई खुवाउनु, घाँस काट्नु, कोदालो चलाउनु उनको दैनिकी थियो। यसो गरे पनि उनले समयमा खाना खान पाउँदैनथे। कति समय काम गर्नुपर्ने भन्ने कुनै ठेगान नै थिएन।

यत्तिकैमा एक दिन कामको बोझले उनी बिरामी परे तर मालिकले उपचार गरिदिएन। उपचार नपाएर सिकिस्त भएपछि उनी आफ्नै घरमा ल्याइए। यसबीचमा उनको बच्चा जन्म्यो। उपाय केही नभएपछि फेरि जीवन धान्न उनी गोविन्दपुर-१ का जितेन्द्र झाकहाँ लगुवा बसे। त्यस समयमा भने केही जग्गा बटैयामा पनि कमाउन पाएका थिए। तर बटैयामा जग्गा कमाउन पाएवापत भने घरको काम गरिदिनुपर्दथ्यो। पछि धान काट्ने बेलामा मालिकसँग किचकिच परेपछि उनी त्यो मालिक छाड्न बाध्य बने।

उनको अर्को विकल्प थिएन। पडरिया-१ का विश्वनाथ चौधरीको घरमा हरुवा बस्न थाले। त्यहाँ भने काम अलि सजिलो थियो। हलो जोत्ने समयमा गोरुलाई खुवाउने र खेतमा पानी हेर्ने उनको काम थियो। खानामा पनि भेदभाव थिएन। पछि श्रीमती अप्रेसन गर्नुपर्ने गरी बिरामी परेपछि अर्का मालिक खुसिया यादवसँग ४० हजार ऋण लिन बाध्य भए। पहिलेको मालिकले तत्काल त्यति पैसा दिन नसकेपछि उनी फेरि खुसियाको हलिया बसेका छन्। उनी यसरी नै हरुवा बसेर ऋण चुक्ता हुने अवस्था छैन। भारत गएर केही कमाई ऋण चुक्ता गरी हरुवाबाट मुक्त हुन पाए हुन्थ्यो भन्ने कताकता उनलाई लाग्छ। तर त्यो ऋण नतिरी मालिकले नछाड्ने र पहिल्यै ऋण लिर्ने उनको हैसियत नभएकाले उनको सपना पूरा हुने छाँट हाललाई कतैबाट पनि देखिन्न।





# जन्मेदेखि नै चरुवा

धनुषाको भरतपुर-९ का जोगी रामका बाबु र आमा दुवै छैनन्। उनी २, ३ वर्षको हुँदा नै आमा बुवा मरेका हुन्। त्यसपछि उनलाई मानिसले विचरा टुहुरा भनेर गाउंमा माया गर्थे र भात खुवाउंथे। त्यसो गर्दागर्दै अलि ठूलो भएपछि भात मागेर खान थाले। कोहीले आमा-बाउ खाने त अलच्छिना हुन्छ भनेर प्याच्च सुनाउँदा उनलाई कम चित्त दुख्दैनथ्यो।

उनलाई एक दिन बद्रीनाथ यादव भन्ने साहूले लग्यो। सानै भएकाले उसलाई काम गराउने कुरा भएन। केही दिन पालनपोषणपछि उसले यादवकहाँ कुराकानी भइरहेका अवस्थामा 'आमा-बाउलाई त खायो, हामीलाई पनि खान्छ कि' भन्ने वाक्य सुन्यो। उनको भक्कानो फुटेर आयो। तर गर्न के नै सक्थे र ! चूपचाप सहन बाध्य भए।

उनले त्यहाँ ७ ,८ वर्षको उमेरदखि नै भैंसी चराउन शुरु गरे। भैसी चराउन जाँदा एक दिन भैंसीमाथि नै निदाएर लडेका थिए। त्यतिबेला उनको हात भाँच्चियो। रुँदै घर आइपुगेका उनलाई उपचार त कता हो कता, उल्टै गाली गरियो। काम गर्ना गाराले हात भाँचेको आरोप साहूले लगाए। अन्तिममा उसकै नाममा ऋण लाग्ने गरी साहूले उपचार गराए।

हात भाँच्चिएर बसेका बेला खाएको भातवापत साहूकहाँ ६ हजार जति ऋण भएछ। पछि साहूले यसलाई तेब्बर देखाई उसलाई तिर्न भनियो। अहिले यो ऋण नतिरी उसलाई कतै जान दिइएको छैन। जोगी राम २०/२१ वर्षका भए। हालसम्म तिनै साहूको घरमा हरुवा चरुवाको रुपमा काम गरिरहेका छन्। सानैदेखि पालेकाले उसले आफ्नैमा काम गर्नुपर्छ भनी दबाव पनि दिने गरेका छन्।

# चिन्तैचिन्ताले ज्यान खायो

सिम्माकुमारी लामा धनुषाको भरतपुर-२ मा नोकर्नी बसेको १० वर्ष बित्यो। उनले घरका सबै काम गरिदिएवापत मासिक ५ सय रुपैयाँ पाउँछिन्। उनकी आमा ऊन बाटेर जीवन निर्वाह गर्दै आएकी छन्। बाबुचाहिँ जंगलबाट फल्ली, चौकस, खावा, बलो, कोरो, दाउरा ल्याएर बजारमा बेच्छन्। एक दिन बाबुलाई ट्र्याक्टरले किच्दा खुट्टा भाँचियो। हिँड्डुल गर्नै पनि गाऱ्हो भयो। त्यही बीचमा उनको एउटा भाइको झाडापखालाले गर्दा मृत्यु भयो। उनले आफ्नो पैसाले बुबाको उपचार गराइन्।

१२/१३ वर्षदेखि नोकर्नी बसेकी उनी अहिले १९ वर्षको भैसक्दा पनि त्यही घरमा बसेकी छन्। उनले घरका सम्पूर्ण कपडा धुनुपर्छ। उनीहरुलाई कपडा सफा भएन जस्तो लाग्यो भने गाली खानुपर्छ। यही कारण राम्रोसँग धुन सकिन् भन्दै लौरोले पनि हिर्काउँथे। खाना मीठो भएन भनेर कुटपिट पनि गर्थे। रोयो र बाहिर निस्क्यो भने हाम्रो बेइज्जत गर्ने भनेर उल्टै यातना दिन्थे।

बुबा आमा पनि उनलाई कुनै चाडपर्वमा लिन आउँदैनथे। तीन चार महिना बिराएर तलव भने लिन आइरहन्थे। त्यसैले चाडपर्वले पनि उनलाई खुशी दिलाउन सक्दैनथ्यो। एकातिर उनलाई समयमा खान दिइन्थ्यो भने अर्कोतर्फ खानेबेलामा यसलाई त ४ थालले पनि पुग्दैन भन्दै वचन लगाउँथे। दुब्लाएर हाड छाला मात्र देखिन्थ्यो। साहूनीले त्यहीमाथि गाली गर्थिन्। घर जान्छु भन्दा पनि तेरो घरमा खान के छ र जान्छस् भनेर धम्क्याउँथिन। घरकी जेठी छोरी भएकीले घरको दुःख पनि उनैले बुझ्नुपर्थ्यो। त्यसैले जति दुःख सहनुपरे पनि दुई चार पैसा आइरहेकाले छाड्न पनि सहज थिएन।





उनको घर ऐलानी जग्गामा छ। आफ्नै जग्गामा घर बना भनेर विवाद सधैं भइरहन्छ गाउँमा तर उनीहरुको आफ्नो जग्गा छैन। सिम्मा भन्छिन्- हप्ता दिनमा दुई चोटी नुहाउँदा पनि तलाई सधैं नुहाउनुपर्ने भनेर गाली गर्छन्। अहिले उनकी आमालाई टिबी भएको छ। एकातिर खाने समस्या, अर्कातिर उनैमाथि रोग। समस्यै-समस्याले उनको मन सधैं रुने गर्छ।

मरेको भाइका लागि खर्च भएको २५ हजार ऋण अहिलेसम्म तिर्न नसकेको अर्को पीडा पनि उनीसामु छ। यही ऋणका कारण जिन्दगी नै साहूकहाँ बित्ने अनुमान लगाइसकेकी छिन् उनले। यसैपटक घर पनि हुरी बतासले उडाएपछि त झन् उनको मन टाल्नै नसकिने गरी फाट्न पुगेको छ। उनी भन्छिन्- यी सबै टेन्सनले गर्दा आमा र मेरो ज्यान फु गर्दा पनि ढल्ला जस्तो भइसकेको छ।

## बर्मा गए पनि कर्म सँगै

पुस्तौंदेखि लगुवाको काम गरिआएका सिरहा नहरालीगौलका रामकिसुन पण्डित (कुमाल) चरुवाको काम गर्दछन्। उनले आफनै गाउँका चतुर्भुजप्रसाद सिंहका १० वटा वस्तु चराउनुपर्छ। साथै घरको सम्पूर्ण काम गर्नुपर्दथ्यो। उनकी श्रीमती माटोका विभिन्न सामान बनाउथिइन्। बनाएका सामान मालिककहाँ लगिदिनुपर्दथ्यो। एक पटक समयमा माटोको सामान पुगेन भनी उनलाई धम्क्याइयो। साथै रामकिसुनलाई हरुवाबाट हटाइदिए।

रामकिसुन अहिले ५५ वर्षका भए। उनको पालामा मालिकले गाली गलौज मात्र होइन, समयमा काम नगर्ने भनी भनी गोबर जीउमा हालिदिन्थे र चर्को घाममा बाँधेर राखिदिन्थे। यस्ता अनुभव रामकिसुनका जीवनमा धेरै पटक दोहोरिएका छन्।

उनले जीवनभर चरुवाको काम गर्दा पनि एक टुक्रासम्म जमिन जोड्न सकेनन्। उनलाई साहूसँग ऋण माग्न जाँदा दिँदैनथे। काम गरेबापत उनले ५ कट्ठा जमिन पाउँथे। जसमा गरिखान पाइन्थ्यो। उनले धेरै साहू फेरिसकेका छन्। कामको बोझ नै यसरी साहू फेरिरहनुपर्नाको प्रमुख कारण भएको उनी बताउँछन्। तर एकातिर बोझ भयो भनेर अर्कोतर्फ लाग्यो, जहाँ पनि उस्तै हुँदोरहेछ भन्ने निष्कर्ष उनको छ। दिनभर गाईवस्तु चराउने, घाँस काट्ने, खेतमा कोदालो चलाउने जस्ता कामकाज गरेर जिन्दगी बिताएका रामकिसुन भन्छन्- बासी भात त कति खाइयो, खाइयो, भनेर साध्यै छैन।





## ऋणले थिचेको जिन्दगी

बासुदेव सदा अहिले ५० वर्षका भए। उनी १० वर्ष हुँदादेखि नै हरुवा चरुवाको काम गर्दै आइरहेका छन्। सप्तरी जिल्लाको पातो गाविस-९ मा बस्ने उनको ५ जनाको परिवार छ। एउटै जमिन्दारकहाँ १० वर्षसम्म हरुवा बसेको अनुभव छ उनीसँग। अहिले उनी स्थानीय जमिन्दार गयाप्रसाद साह (बानियाँ) कहाँ हरुवा बसेका छन्। हरुवा बसेवापत पाएको १० कठ्ठा खेतमा गरिखान पाएका छन्। उनको घर ११ धुर ऐलानी जग्गामा छ, अन्य केही छैन।

जमिन्दारकहाँ काम गरे पनि खाजा, खाना कहिलेकाहीँ मात्र दिने गरेको बताउँछन् उनी। आफूसहित परिवारका अन्य सदस्यलाई पनि जमिन्दारको काममा लगाउनुपर्ने बाध्यता छ। श्रीमतीबाहेक अन्य सदस्यले काम गरेवापत खेतीको सिजनअनुसार क्रमशः दैनिक ज्याला ५ किलो धान, ४ किलो गहुँ र ४० रुपैयाँ मात्र पाउने गर्छन् भने श्रीमतीले घरायसी कार्यमा सघाएवापत खाजा वा खाना मात्र पाउँछिन्। जमिन्दारबाट पैसा वा अन्न लिएको छ भने १ मन धान बराबर डेढ मन धान दिनुपर्छ, त्यस्तै पैसा लिएको छ भने ५ प्रतिशतका दरले बुझाउनुपर्छ।

आर्थिक स्थिति कमजोर भएका बासुदेव सदाले जीविका चलाउनका लागि २ प्रतिशत ब्याजदरमा साना किसान बैंकबाट १५ सय ऋण लिएको ८ वर्ष भैसकेको छ तर तिर्न सकेका छैनन्। त्यस्तै अर्को ७ हजार ऋण स्वावलम्बन बैंकबाट लिएका थिए। जसमध्ये ३ हजार दिन बाँकी छ।

ज्यालाको विषयलाई लिएर उनी र जमिन्दारबीच कुटपिटसमेत भएको छ। समयमै खाजा, खाना नदिने, हलिया भनेर भेदभाव गर्ने जस्ता कार्यको विरोधी बनेवापत उनले थुप्रै हण्डर खाइसकेका छन्। तर पनि उनी अधिकारका लागि जमिन्दार विरोधी जुलुस, बैठकमा जाने गरेको बताउँछन्।

# भविष्य हुन्न चरुवाको

रमदैया-७ का हरिनारायण यादवका चरुवा तलुकलाल यादव ८० वर्षका भए। उनको परिवारमा कोही छैनन्। उनी १५ वर्षको उमेरदेखि नै यसरी चरुवा बसेका हुन्। ४० वर्षदेखि उनले यसरी श्रम गरेवापत कुनै पनि जिन्सी र नगद बुझेका छैनन्। आफ्नो परिवारमा कोही नभएकाले मरेपछि किरिया गर्न चाहिन्छ भनेर उनले केही पनि नलिएका हुन। यसबारे मालिकसँग सहमति नै भएको थियो।

तर अहिले उनी ज्यादै बूढो भएकाले केही गर्न सक्ने अवस्थामा छैनन्। उनलाई राख्ने मालिक पनि मरिसके। मालिकको छोराले घर छोड् भनेर ज्यादै दुख दिइरहेको छ। तर उनीसँग यो घर छाडेर कतै जाने ठाउँ छैन।

उनी रुँदै भन्छन्- जिन्दगीभर यहीँ बसें, अहिल्यै निस्की, भरे नै निस्की भन्छन्, कहाँ जाउँ, के गरुँ ?

♦☊♦





# छोरालाई साक्षर बनाउने एउटै सपना

सिरहाको हनुमाननगर-६ का ३० वर्षीय विन्देश्वर सदा १५ वर्षदेखि हरुवा बस्दै आएका छन्। उनले हरुवा बसेबापत ५ कट्ठा खेतको उब्जा खाइरहेका छन्। आफ्नो आर्थिक अवस्था कमजोर भएकाले छाक टार्नैका लागि हरुवा बस्नुपरेको उनी बताउँछन्।

उनी बिहान ६ बजेदेखि दिउसो २ बजेसम्म हलो जोत्छन्। केही समयको विश्रामपछि उनको श्रमयात्रा फेरि शुरु हुन्छ। ३ बजेदेखि ६ बजेसम्म मालिककै घरमा काम गर्छन्। हलो जोत्ने, कोदालो चलाउने, गाई वस्तुलाई परालको कुटी काट्ने, पानी खुवाउने, परालको ढिक लगाउने जस्ता घरका सानातिना सबै कामको जिम्मा यिनकै काँधमा छ।

त्यतिमात्र होइन, उनकी श्रीमती पनि मालिककै घरमा काम गर्छिन। काम गरेको दिनको श्रीमतीले ५ किलो धान ज्याला पाउँछिन्। जति काम गरे पनि पाउने ज्याला बढ्दैन। र, उनले श्रीमान्सँगै काम गर्नुपरेको कारण त्यही ५ कठ्ठा जमिन गरिखान पाएवापत हो।

उनको परिवारमा ४ सदस्य छन्। एउटा छोरा कक्षा २ मा पढ्छ, अर्को छोरा सानै उमेरको छ। हरुवा बस्दा मालिकसँग कहिलेकाहीँ ऋण लिँदा पनि १ मनको सट्टा १.५० मन तिर्नुपर्दछ भन्ने उनको गुनासो छ। आफू शोषणमा परेको पनि उनलाई थाहा छ। थुप्रै हण्डर खाएका अनुभव पनि उनीसँग छन्। तर पनि उनी चूपचाप साहूकहाँ काम गरिरहेका छन्, मात्र एउटै उद्देश्यका लागि अर्थात् छोरालाई साक्षर बनाउने सपना पूरा गर्नका लागि।

♦☊♦

# पैसा नभएर आमाको क्रिया हुन सकेन

धनुषाको भरतपुर-३ का धोर्जे राना मगर चरुवा बस्दाबस्दै बाबुको मृत्यु भयो । काजक्रियाका लागि उनीसँग पैसा भएन । त्यसैले आफ्नो साहूसँग उनले ५ सय ऋण मागे । काजक्रिया त गरे तर पनि उनी चोखिन सकेनन् । किनकि काजक्रिया गरिसकेपछि आफन्त र मलामीलाई खुवाएपछि मात्र चोखिन सकिन्थ्यो तर उनीसँग त्यसका लागि पैसा भएन ।

महिनाको रु. १०० पाउने गरी चरुवा बसेका उनको परिवारमा एक बहिनी, एक दाजु, एक भाइ र आमा बुबा गरी ५ जनाको परिवार थियो । काम गर्न नसक्ने बूढाबूढी आमा बाबु, मगज बिग्रिएका कान्छा छोरा र सानी बहिनी कमाएर खान नसक्ने भएपछि धोर्जे सानै उमेरदेखि चरुवा बस्न बाध्य भएका थिए । परिवार पाल्नकै लागि बाबुले साहूसँग केही ऋण लिएवापत उनी चरुवा बनेका थिए ।

बुबा खसेको केही महिनालगत्तै आमाको पनि मृत्यु भयो । यस पटक भने चरुवा बसेको साहुले उनलाई पैसा दिएन । उनी भन्छन्- 'आमाको क्रियाका लागि पनि रुपैयाँ नपाउँदा मनमा चोट लाग्यो ।' आफूलाई जन्म दिने सृष्टिकर्ताको काजक्रिया गरिछाड्ने उनको धोको अहिलेसम्म पनि अधुरै छ । गाउँघरका आफन्तले पनि आमाको काजक्रियाका लागि ऋण पत्याएनन् । आफूसँग जग्गा र कमाई गर्ने हैसियत पनि नभएकाले हेला गरी ऋण नपत्याएकोमा उनी जीवनदेखि नै निराश छन् । तर न साहूको घरबाट निस्केर केही गर्ने हैसियत उनको छ, न साहूसँग बढी ज्याला लेउ भन्ने आँट नै । चरुवा हरुवाको जिन्दगी यस्तै हो भनेर चित्त बुझाउनेबाहेकको विकल्प उनीसँग छैन ।





# अपुरो मुक्ति

डोटीस्थित जोरागाउँका टीका कामीलाई आफू हली बसेको कति वर्ष भयो भन्ने नै थाहा छैन । बाजे र बाबुको बिँडो थाम्न उनी पनि हली बसेका हुन । 'बाबु नसक्ने भएपछि छोराले त्यही मालिककहाँ हली बस्नैपर्छ, म पनि त्यसरी नै हली बसेको हुँ'- टीका भन्छन् ।

टीकाले हलीका रुपमा जमिन जोतिदिनुपर्ने 'मालिक' तीन जना छन् । अर्थात् उनी तीन जनाका हली हुन । यिनको काम मौसममा यी तीनै जनाको खेती सुनिश्चित गर्नु हो । उनीहरुको काम सिध्याएपछि मात्र आफ्नो भएको टुक्राटाक्रीमा बाली लगाउने/उठाउने अवसर प्राप्त हुन्छ ।

आकाशे पानीमा भर पर्नुपर्ने जोरागाउँमा टीकाले कहिल्यै राम्रोसँग आफ्नो टुक्रा जमिनमा खेती लगाउन पाएका छैनन् । पानी परेका बेला मालिकहरुकै काम सिध्याइदिनुपर्ने भएकाले आफ्नो पालो आउने बेलासम्म मौसमले डाँडा काटिसकेको हुन्छ । टीका भन्छन्- त्यसैले हामी हलीको एक दुई टुक्रा जमिन हुनु र नहुनुबीच कुनै फरक छैन ।

एसएलसी दिएका टीकाका छोरा कृष्ण विकलाई सदरमुकाम सिलगढीस्थित संघ/संस्थाको संगतले हली प्रथा शोषणयुक्त हो भनेर ज्ञान दिलायो । यही बुझेपछि कृष्ण अहिले आफ्ना बाबुलाई हलीबाट मुक्त गराउने अभियानमा लागेका छन् ।

खडकबहादुर कठायत नामका मालिकबाट अहिले टीका मुक्त भएका छन् । तर पनि टीका हली नै हुन । किनकि अरु दुई वटा मालिकबाट उनले मुक्ति पाउनै बाँकी छ । 'अब बाँकी दुई मालिकबाट पनि मुक्त गराउने अभियानमा छु, कुराकानी भइरहेको छ'- बाबुलाई हलीबाट मुक्त गराउने अभियानमा सक्रिय कृष्ण भन्छन् ।

सधैं हली बस्नका लागि टीकाले कुनै त्यस्तो ठूलो रकम खडकबहादुरसँग लिएका छैनन् । मात्र उनले खडकको पसलबाट केही नून, तेल, बिँडी जस्ता दैनिक गर्जो टार्ने सामान मात्र उधारोमा लिएका थिए । 'तर उसले ४८०० रुपैयाँ उधारो पुगेको देखाएर बुबालाई हली बस्न बाध्य पा-यो'- कृष्णको भनाइ छ । उनले यही उधारोवापत खडककहाँ ७-८ वर्ष जोते । यस अवधिमा उनको उधारो कट्टी हुँदै जानु त कता हो कता, उल्टै विभिन्न समयमा ऋण थपेको भनेर खडकले ऋणको रकम ३३००० पु-याए । गरीबहरु हली बस्नका लागि बाध्य पारिने कारण टीकाको मात्र हैन, सबैको प्रायः यस्तै छ ।

५ जनाको टीकाको परिवार मालिकले हली बसेवापत गरिखान दिएका केही टुक्रा जमिनको आयले धान्नुपर्ने अवस्था छ । मालिकले भनेका बेला घरका अन्य परिवारले समेत उनकहाँ गएर काम गरिदिनुपर्छ । तर काम गर्ने प्रत्येक सदस्यले पाउने भनेको त्यो दिनको खाना मात्रै हो, न कि अरु ज्याला ।





# माया पाइन् हेपिएकी सरिताले

सरिता बिकका आमा बाबु उनी ८,९ वर्षका हुँदा नै मरे । उनलाई गाउँकै मान्छेले बच्चा हेर्न नोकर्नीको रुपमा राखे । बच्चाको दिसा धुने तथा साहूनीले भनेको अरु काम उनले गर्नुपर्दथ्यो ।

सरिताले गर्नुपर्ने कामको सूची नै बनाइदिएकी थिइन् साहूनीले । बिहानको ४ बजे साहूनी सरितलाई उठाइदिन्थिन् र उनी काम गर्न लागेपछि आफूचाहिँ सुत्थिन । बच्चा हेर्ने, घरका सबैको लुगा धुने, भाँडा माझ्ने, कसेर बढार्ने जस्ता यावत् काम गर्नुपर्थ्यो उनले । यसरी बिहानको ४ बजेबाट शुरु हुने उनको कामको दैनिकी बेलुका १० बजेसम्म जारी रहन्थ्यो ।

तर पनि उनलाई सुविधा भने केही थिएन । पुस माघको ठण्डीमा पनि उनले न्यानो कपडा लगाउन पाउन्न थिइन । एउटा सर्ट र स्कटको भरमा बस्नुपर्दथ्यो । जाडोले थरथर काम्दै बच्चा हेर्थिन । र, घरका सबै काम गर्थिन् । उनलाई जाडोले सताएको साहूनी हेरिरहन्थिन तर केही कपडा दिन्न थिइन । आफू भने ज्याकेट तथा सुइटर लगाएर बस्थिन् ।

सरितालाई साहू साहूनीले खाएको जुठो गिजोलेको भात खान दिइन्थ्यो । साहूनीको खुट्टामा समेत सरिताले तेल लगाउनुपर्थ्यो । साहूले भने उनलाई अलिक माया गर्थ्यो । तर साहुनीले उसलाई एक छिन पनि खाली बस्न दिन्न थिइन । साहूले यिनलाई गरेको मायालाई साहूनी शंकाको दृष्टिले हेर्थिन् । आफ्नो सौता बन्न लागेको भन्दै पिट्थिन पनि । बाहिरका अरुले थाहा नपाउन् भनेर उनी सरितालाई रेडियो ठूलो बनाएर पिट्थिन । टुहुरी भएकी र सानैदेखि आफ्नो घरमा बसेकाले यिनको बिहे गरिदिनुपर्छ भन्दा साहूलाई साहूनी सात्तोले खान्थिन । त्यसैले साहू सरितामाथि आफ्नी श्रीमतीले गरेको अत्याचार थाहा पाएर पनि निरीह थिए ।

एक दिन सरिताले यो घरमा बस्न नसक्ने जनाएर आफू निस्कने विचार गरेको बताइन् । हुन त उनको जाने ठाउँ कहीँ थिएन । तर पनि सरिताले घर छोड्ने निर्णय लिइन । साहू र साहुनीबीच सरिताबारे विवाद भयो । अन्त्यमा साहूनी सरिताको पीडा बुझ्न सहमत भइन् । अहिले सबैको सम्बन्ध राम्रो छ । राति राति साहूनीले सरितालाई पढाउन पनि थालेकी छन् । उनलाई गर्ने माया र हेर्ने सोचमा व्यापक परिवर्तन आएको छ ।

♦-♦





# हरुवाले परिवर्तन गराए साहूलाई

सप्तरी जिल्ला पातो-८ का भवी सदा सानो उमेरमै देविलाल साह (तेली) को घरमा चरुवा बसे । ठूलो भएपछि हरुवाका रुपमा खेतमा काम गर्न थाले । भवी सदा यसरी अर्काको घरमा काम गर्दागर्दै मरे । उनको मृत्युपछि त्यो काम उनको छोरा रामदेव सदामा सऱ्यो । उनी पनि ५५ वर्ष पुगेका छन् । यो उमेरमा उनले साहूको घरमा खेतिपातिको काम गर्ने, घाँस काट्ने, गाई वस्तु चराउनेदेख घरका सम्पूर्ण काम गर्नुपदर्छ । उनको बाजेका पालादेखि नै त्यही घरमा परिवारका सबै जना काम गर्दै आएका छन् । साहूले नस्वीकारे पनि उनीहरु त्यस परिवारको एउटा अंग नै बनिसकेका छन् ।

भवीको परिवारमा श्रीमती, १ छोरा, १ छोरी गरी जम्मा ४ जना छन् । उनीहरु कसैले पनि लेखपढ गर्न जानेका छैनन् । श्रीमती त्यही साहूको घरमा चामल, गहुँ केलाउने, भाँडा कुँडा माझ्ने काम गर्दछिन् । उनले त्यो काम गरेवापत कनिका, खुदी पाउँछिन् । उनका बच्चाहरु गोठालो जाने र अन्य काममा सहयोग पुऱ्याउने गर्दछन् तर उनीहरुले त्यसवापत केही पाउँदैनन् । बासी र जुठो खानेकुरा मात्र खान पाउँछन् ।

साहू र उनका परिवारचाहिँ ताजा खाजा खाना खाने गर्दथे । उनैका घरमा काम गर्ने भवीका परिवार भने बासी र उनीहरुलाई बढी भएको खानामा चित्त बुझाउन बाध्य हुन्थे । दुःखनीदेवी सदा त्यो घरको चामल, पीठो सबै निफननाफन गरेर खान योग्य पारिदिन्थिन तर त्यसको स्वाद भने उनले कहिल्यै थाहा पाइनन् । उनी घरको बरन्डामा समेत बस्न पाउन्न थिइन ।

भवी पनि बूढो भएकाले उनका छोरा रामदेव सदा बाबुको बिँडो सम्हाल्न हरुवाको रुपमा काम गर्न थालेका छन् । उनीसँगै रामदेवकी श्रीमती पनि सासूझैं काम गर्न थालेकी छन् । उनीहरुलाई पनि साहूले गर्ने व्यवहारमा

कुनै परिवर्तन आएको छैन । मान्छे फेरिए पनि केराको पातमा खाना दिने, बरण्डामा बस्न नदिने, बासी खाना खाजा दिने, हरुवा भएकाले छुट्टै थाल लोटा दिने आदि प्रक्रियामा परिवर्तन आएन ।

तर समय फेरिएको छ । साहूहरुमा परिवर्तन नआए पनि हरुवा चरुवा आफैंले उनीहरुलाई परिवर्तन गराएका छन् । अहिले रामदेव हरुवा मात्र छैनन् । उनी आफूजस्तै हरुवाको अधिकारका लागि लड्ने व्यक्तिका रुपमा पनि चिनिएका छन् । राजनीतिक कार्यकर्ता पनि बनेका छन् । अधिकारका लागि जुलुस, सभा, जेल सबै पुगेका रामदेवमा आत्मविश्वास बढेको छ ।

समयको यो परिवर्तन बुझेका उनका साहूले अहिले ज्याला बढाएका छन् । व्यक्तिपिच्छे हिसाव गरेर ज्याला दिन थालेका छन् । मुख्य कुरा उनीहरुको सोचाइ र व्यवहारमा परिवर्तन आएको छ । पहिलेको तुलनामा सदाको परिवार खुशी बनेको छ ।





# परिवर्तन आउँदैछ

आफ्ना बाजेले हली बस्नका लागि मालिकसँग ठ्याक्कै कति रुपैयाँ ऋण लिएका थिए भन्ने एकिन हिसावकिताप डम्बर टमाटासँग छैन । तर बाजे पूर्णकालीन हली थिए भन्नेमा चाहिँ उनलाई कुनै द्विविधा छैन । 'बाजेले २०-३० रुपैयाँ लिए होलान', डम्बर भन्छन्- 'यो हद्ध पुगे बाबुको पालामा ४-५ सयभन्दा बढी पक्कै थिएन ।'

तर यो बाजेको पालाभन्दा बाबुको पालामा झन् बढ्यो र बाबुको भन्दा छोराको पालामा झन् झन् बढेर अहिले ९९८० रुपैयाँ पुग्यो । आफूलाई समेत हली बनाउन बाध्य पार्ने बाजेको २०-३० रुपैयाँ ऋण केका लागि थियो भन्ने खुट्याउन नसकेका डम्बर भन्छन्- कट्टा हुँदै जानुपर्नेमा जति काम गऱ्यो, उति ऋण बढ्दै जाने अचम्मको चलन हुन्छ यो हली प्रथामा ।

डडेलधुराको गणेशपुर गाविस, वडा नं. ४ मा जन्मेका डम्बरले ४२ वर्षको उमेर हली बसेरै बिताए । १२ वर्षको छँदा बाबु मरेपछि उनकै स्थानमा हली बसेका डम्बरले कहिल्यै सुख देखेका छैनन् । उनी भन्छन्- हलीको जात सुख देख्नै जातै होइन ।

जतिसुकै काम गरे पनि हलीले ज्याला पाउँदैन । उसले हली बस्नुअघि आफैंले वा बाबु बाजेले लिएको ऋणको व्याजस्वरुप काम गरिदिनुपर्ने नियम बसालिएको हुन्छ । त्यसैले डम्बरले पनि मालिककहाँ जोतेको दिन मात्र १ माना चामल पाउँथे । त्यसले पुगोस् वा नपुगोस्, उसले केही मतलव गर्दैनथ्यो । 'तर पनि आफूले लिएको ऋण नबढे त हुन्थ्यो, ऋण बढ्दै जाँदा पो झन् पीडा हुन्छ त'- डम्बर गुनासो गर्छन् ।

अहिले उनको अवस्था अलिकति फेरिएको छ । उनका मालिक हर्कराज उप्रेतीबाट डम्बरले छुटकारा पाएका छन् । अहिले उनी शोषणयुक्त हली

प्रथाविरुद्ध पनि सक्रिय भएर लागेका छन्। हलिया जागरण मञ्चका अध्यक्षसमेत रहेका डम्बरको इज्जत र मान प्रतिष्ठामा पनि बढोत्तरी आएको अनुभव छोटै समयमा उनले संगाल्न पाएका छन्। 'पहिले मेरो मालिकले यता आइज डम्बरे भन्थ्यो', डम्बर भन्छन्- अहिले कतै भेटे भने के छ डम्बरजी भन्न थालेका छन्।





# हरुवा संगठित भए

मलेकपुर गाविस सप्तरी जिल्लाको दक्षिणी भेगमा पर्छ। यो सदरमुकाम राजविराजदेखि १ घण्टाको पैदल दूरीमा पर्दछ। यहाँस्थित खुडरिया टोलका १० घर चमारको अवस्था अरुको भन्दा पृथक छ। किनकि वरिपरिका अरु चमार जस्तो यिनीहरुलाई कसैकहाँ हरुवा चरुवा बस्नुपर्दैन।

उनीहरु मजदूरी गर्न काठमाडौंलगायत्का अन्य शहरमा जान्छन्। घर बनाउने, पेन्टिङ गर्ने जस्ता सीप भएकाले उनीहरु सहजै काम पाउँछन्। काठमाडौं मात्र हैन, यो टोलका केही मानिस अरबसम्म पुगेका छन्। त्यसैले अन्य चमार बस्तीको तुलनामा यो बस्ती समुन्नत देखिन्छ।

२०५४ सालसम्म यिनीहरुको अवस्था अन्यत्रका चमारको जस्तै थियो। उनीहरु हरुवा चरुवा बस्थे। सधैं अभावसँग संघर्ष  गर्न बाध्य हुन्थे। तर जब गाउँमा राम सेवा समाज नामक संस्थाले हरुवालाई संगठित गर्ने काम शुरु गऱ्यो, उनीहरुमा चेतना आयो। फलस्वरुप परिवर्तनको पथमा लाग्न प्रेरित भए। उनीहरु कामको व्यस्त समयमा ज्याला वृद्धिको माग राखी हडतालमा उत्रिए। अधिकारप्रतिको सचेतताले उनीहरुलाई अन्याय र शोषण सहिराख्न क्षणभर पनि दिएन।

यसो गर्न उक्साउने भन्दै केही पक्रिए। गैरदलितले दलितका घर घेराउ गरे। गाउँमा पिटापिट चल्यो। केहीलाई अस्पताल लैजानुपऱ्यो। तर चार दिनको हडतालपछि सम्झौता भई ज्याला वृद्धि भयो। त्यस बेलासम्म प्रतिदिन २ किलो ज्याला रहेकोमा त्यसपछि ५ किलो पुग्यो। यो कदमले गाउँमा ठूलै परिवर्तन ल्यायो। यसै समयदेखि हलो नजोत्ने भनिएका जातले बाध्य भएर हलो जोत्न थाले। आँट गऱ्यो भने अधिकार लिन सकिँदोरहेछ भन्ने पाठ सिकेका छन् मलेकपुरका चमारले।

# आँट गरे हरुवाले

ऐलानी जग्गामा बनेको पोखरीको वार्षिक पाँच हजार तिर्नेगरी श्रीलाल साहबाट देवीलाल सदाले ठेक्का लिएका छन्। सप्तरी जिल्ला तरही गाविस- ३ अन्तरगत पर्ने ऐलानी जग्गामा रहेको उक्त पोखरी कसले बनायो र कहिले बन्यो न साहू श्रीलाललाई थाह छ, न ठेक्का लिने देवीलाललाई नै। तर यो पोखरीको आम्दानी भने हरुवा देवीलालले साहूलाई बभ्काउनुपर्दछ।

देवीलालले १३ वर्ष चरुवा, २५ वर्ष हरुवा र सात वर्ष भारतका विभिन्न ठाउँमा मजदुरी गरे। ५० वर्षको उमेरमा उनले साहूको गाली, कुटाई र भनाई थुप्रै खाएका छन्। सक्दै नसक्ने भारी बोक्नुपरेकाले महिनौं बिरामीसमेत परेका छन्। सात वर्षे कलिलो बाल्यकालदेखि चरुवा बसेका उनी नसक्ने कामसमेत गर्नुपरेकाले भारतसमेत पसेका थिए।

तर आत्मविश्वास भयो भने प्रगति गर्न सकिँदोरहेछ भन्ने उदाहरण बनेका छन् अहिले उनी। अहिले उनको १० जनाको परिवार धान्न हरुवा, चरुवा र मजदुरीले मात्र सम्भाव छैन। त्यसैले आफ्नै एक हल गोरु पालेका छन्, दुई विघा जमिन अधियामा कमाएका छन्। माछा पोखरी ठेक्कामा लिएका छन् र त्यसैको आम्दानीबाट जीविका चलाइरहेका छन्। उनी चाहन्छन्- त्यो पोखरीमा आफ्नो अधिकार कायम गराउन पाए हुने थियो।

त्यसैले हरुवा देवीलालको आर्थिक र सामाजिक स्तर अहिले अरु हरुवाको तुलनामा उकासिएको छ। उनीहरुको आत्मविश्वासको सबैले सराहना गरेका छन्। आँट्यो भने जे पनि गर्न सकिन्छ भन्ने पाठ पनि सिकाएका छन् अरुलाई उनले।